# स्थानीय सरकार
# लेटाङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लेटाङ, मोरङ

कोशी प्रदेश, नेपाल

आ.ब. ०८२/८३ मिति : २०८२।०८।१७

**न्यून आय भएका चुरे क्षेत्रको सामुदायिक वनका लागि सार्वजनिक सूचना ।**

**सूचना प्रकाशन मिति:२०८२।०८।१७**

लेटाङ नगरपालिका क्षेत्रभित्र अवस्थित आय आर्जन कम भएका चुरे क्षेत्रका सामुदायिक वनहरूको संरक्षण गर्ने सम्बन्धमा यस लेटाङ नगरपालिकाको आ.व. २०८२।८३ को स्विकृत कार्यक्रम आय आर्जन कम भएको चुरे क्षेत्रका सामुदायिक वनहरूलाई संरक्षण गर्ने भनी आवश्यक बजेट बिनियोजन भएको हुँदा न्यून आय भई संरक्षणको आवश्यक भएको साथै देहायको पूर्वशर्तहरू पुरा गरेका चुरे क्षेत्रको सामुदायिक वनहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र लेटाङ नगरपालिका वन तथा वातावरण शाखामा गई आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको बेहोरा सम्पूर्णमा अनुरोध छ।

**देहायः**

- अनुदान माग निवेदन
- विगत दुई आर्थिक बर्षको लेखापरिक्षण प्रतिवेदन
- कर चुक्ता प्रमाणपत्र
- सामुदायिक वन उपभोक्ता समूहले अनुसूची १ बमोजिमको प्रस्ताव स्विकृत गरि नगरपालिकासँग अनुदान माग गर्ने निर्णय प्रति
- बार्षिक कार्ययोजना र साधारण सभाको निर्णयको प्रति वा बार्षिक कार्ययोजना र साधारणसभा गर्ने प्रतिवद्धताको निर्णय प्रति।
- अनुदान खर्चको लागि अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ।

**लेटाङ नगरपालिका सामुदायिक वन अनुदान कार्यान्वयन कार्यबिधि २०८१ का पूर्वशर्तहरूः**

- नियमित संञ्चालन गर्न नियमित बैठकहरू संञ्चालन गरिरहेको।
- विधान र वन ऐनको भावना अनुसार समिति गठन गरी समिति पुरा भएको।
- पछिल्लो २ आ.व. मा लगातार ५ (पाँच) लाख भन्दा न्यून आम्दानी भएको।
- कुनैपनि कारणले कालो सूचीमा नपरेको।

**नोटः** अगिल्लो आर्थिक बर्षमा अनुदान प्राप्त गरी पेश्की फछ्र्यौट नगर्ने सामुदायिक वनहरूलाई अनिवार्य रूपमा पेश्की फछ्र्यौट गर्नुहुन अनुरोध छ। अन्यथा अनुदान कार्यक्रममा समेत समावेश गरिने छैन।

८।१७

कृष्णराज राई

नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**श्री सामुदायिक वन नगर महासंघ, लेटाङ मोरङ।(जानकारी साथै आवश्यक समन्वय गर्नुहुन।)

श्री सूचना प्रबिधि शाखा।(सूचना सम्प्रेसणको लागि।)

श्री वडा कार्यालयहरू सबै, (जानकारी साथै आवश्यक समन्वयका लागि)

नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

# अनुसूची-१

..................................सामुदायिक वन उपभोक्ता समूहको आ.व.२०८२।८३ को लागि लेटाङ नगरपालिकाको सूचना बमोजिम यस सामुदायिक वन न्यून आय भएको चुरे सामुदायिक वन भएकाले अनुदान प्राप्त भएमा लेटाङ नगरपालिकाको सामुदायिक वन अनुदान कार्यान्वयन कार्यविधि,२०८१ ले तोकेको मापदण्ड बमोजिम देहाय बमोजिमको शिर्षकहरूमा रकम खर्च गर्ने प्रस्ताव पेश गरिएको छ।

**सामुदायिक वनको पृष्ठभूमीः**

**सामुदायिक वनको विगत दुई आर्थिक बर्षको आम्दानी तालिकाः**

| आर्थिक बर्ष | कुल आम्दानी | कैफियत |
|---|---|---|
| ०८०।८१ | | |
| ०८१।८२ | | |

**अनुदानको अपेक्षित उपलब्धीः**

**आर्थिक श्रोतको बाँडफाँडः**

**सामुदायिक वन संरक्षण र विकासमा खर्चः**

नगरपालिकाले दिइने अनुदान रकममा कम्तिमा ४०% रकम वन संरक्षण र विकासमा खर्च गर्नुपर्ने प्रावधान अनुरूप देहायको शिर्षकमा देहायबमोजिमको रकम खर्चको लागि प्रस्ताव गरिएको छ।

| क्र.सं. | कार्यक्रममको नाम | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

अन्य प्रशासनीक खर्च:(आवश्यक भएमा मात्र कुल अनुदान रकमको ६०% खर्च गर्न सकिने)

| क्र.सं. | कार्यक्रमको नाम | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १ | नियमित सभा, र बैठक स्टेशनरी खर्च | | |
| २ | नियमिति साभा, समिति बैठक खाजा खर्च | | |
| ३ | बिधान र कार्यबिधि निर्माण वा संसोधन खर्च | | |
| ४ | आ.ले.प र लेखा परिक्षण खर्च | | |
| ५ | कार्यालय मसलन्द खर्च | | |
| ६ | वन संरक्षणका लागि अत्यावश्यक खर्च (आवश्यकता अनुसार) | | |

**नोट:** आन्तरिक आम्दानिबाट प्रशासनीक खर्च गर्न सक्ने सामुदायिक वनहरूले १००% अनुदान नै वन विकास र संरक्षणमा खर्च गर्नुपर्नेछ। साथै प्रस्ताव पेश गर्दा अधिकतम रू१०००००/-(एक लाख) सम्मको प्रस्ताव पेश गर्न सकिनेछ।

अध्यक्ष:

नाम,थर:

हस्ताक्षर:

सम्पर्क नम्बर:

सामुदायिक वनको छाप: